**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक २५ गते मंगलबार ❑ 11 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## ‘प्रतिनिधिसभा निर्वाचनलाई सफल पार्नु प्रदेश सरकारको पनि दायित्व हो’

**पोखरापत्र संवाददाता**
पोखरा, २४ कार्तिक



गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घ सरकारले आगामी फागुन २१ गतेलाई घोषणा गरेको प्रतिनिधिसभा निर्वाचन सफल पार्नु प्रदेश सरकार पनि दायित्व रहेको बताउनुभएको छ। गण्डकी प्रदेशसभा बैठकलाई सोमबार सम्बोधन गर्दै उहाँले संविधानतः हुने निर्वाचन प्रक्रियालाई सहयोग गर्न प्रदेशसभा सदस्य, राजनीतिक दल, नागरिक समाजलगायत सबै प्रदेशवासीमा अनुरोध गर्नुभएको हो।

मुख्यमन्त्री पाण्डेले युवा पुस्ताको व्यावहारिक आकाङ्क्षा र भावनालाई समेट्दै वैधानिक तथा लोकतान्त्रिक बाटोबाट देशमा आइपरेको सङ्कटलाई दीर्घकालीन समाधान गर्न सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो। “पछिल्ला घटनाक्रमले हामी राजनीतिक दल र नेतृत्वलाई पनि गहिरो आत्मसमीक्षाको सन्देश दिएको छ”, उहाँले भन्नुभयो, “हाम्रो जिम्मेवारी भनेको जनअपेक्षाअनुसार जवाफदेही पारदर्शी र उत्तरदायी कार्यबाट देशलाई पुनःनिर्माण तथा स्थायित्वको बाटोमा अघि बढाउनु हो।” नेपाली समाजको विशिष्ट चरित्र सामाजिक एकता र सद्भाव रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले यसलाई अझै बलियो बनाउनुपर्ने धारणा राख्नुभयो। ‘जेनजी’ आन्दोलनका क्रममा भएका फौजदारी घटना, आक्रमण, लुटपाट र तोडफोटको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने उहाँको भनाइ थियो।

आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएको आक्रमणले लगानीको वातावरण धमिल्याएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो। “हजारौँ रोजगारी सिर्जना गरेका र देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्दै आएको निजी क्षेत्रसँग सहकार्य गर्दै शान्त, सुरक्षित र लगानीमैत्री वातावरण निर्माण गर्न गण्डकी प्रदेश सरकार सक्रिय रहनेछ”, उहाँले भन्नुभयो। पछिल्लो समय युवापुस्ताको माग र आन्दोलनको भावनाअनुसार नै गण्डकी प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रमलाई अघि बढाउँदै आएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

भ्रष्टाचारको अन्त्य, सुशासन, मितव्ययी, सहज, सरल सेवा प्रवाह प्रदेश सरकारको प्राथमिकतामा रहेको उहाँको भनाइ थियो। बैठकका शून्य समयमा बोल्न अधिकांश प्रदेशसभा सदस्यले गत भदौ २३ र २४ गतेको ‘जेनजी’ आन्दोलनमा भएका आपराधिक घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गर्नुभएको थियो। शून्य समयमा प्रदेशसभा सदस्य कल्पना तिवारी, गणेशमान गुरुङ, देवका पहाडी त्रिपाठी, नन्दकला दमाई नेपाली, प्रकाश बराल, फणिन्द्र देवकोटा, बेदबहादुर गुरुङ, भक्तबहादुर कुँवर, भीमबहादुर कार्की, रेशमबहादुर जुग्जाली, लिलबहादुर थापा, सीताकुमारी सुन्दास, सुशीला सिम्खडा, श्यामराजा महत, हरिबहादुर भण्डारी र सुनिता थापाले भनाइ राख्नुभएको थियो।

बैठकमा सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले ‘गण्डकी विश्वविद्यालय पहिलो संशोधन विधेयक, २०८२’ प्रदेशसभामा पेस गर्नुभएको थियो। उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले ‘औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन गर्न बनेको विधेयक’ प्रदेशसभामा पेस गर्नुभयो। पर्यटनमन्त्री बस्यालले दफाबार छलफलका लागि आजको बैठकमा प्रस्तुत गर्नुभएको ‘गण्डकी प्रदेशमा खानी तथा खनिज पदार्थको अन्वेषण र व्यवस्थापन गर्न बनेको विधेयक’मा छलफल सुरु भएको छ। ‘जेनजी’ आन्दोलनका कारण उत्पन्न परिस्थितिका कारण स्थगन भएको प्रदेशसभा बैठक दुई महिनापछि आज बसेको हो। नदीपुरमा रहेको प्रदेशसभा भवन ‘जेन्जी’ आन्दोलनका क्रममा क्षतिग्रस्त बनेपछि कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सभाकक्षमा प्रदेशसभा बैठक सञ्चालन गरिएको प्रदेशसभा सचिव गोविन्द पौडेलले जानकारी दिनुभयो।

पुनः प्रयोगमा ल्याउन नमिल्नेगरी प्रदेशसभा भवनलगायतका संरचनामा क्षति पुगेकाले प्रदेशसभा बैठक सञ्चालनका लागि कृषि मन्त्रालयको भवनमा वैकल्पिक व्यवस्था गरिएको हो। हालै मात्र प्रदेशसभाको नयाँ भवन निर्माण सुरु गरिएकाले उक्त भवन नबनेसम्म अस्थायी संरचनाबाट प्रदेशसभाका कामकारबाही सञ्चालन हुने प्रदेशसभा सचिवालयले जनाएको छ।

## प्रदेश संग्रहालयमा मौलिक (कोसेली) घरको शिलान्यास

**पोखरापत्र संवाददाता**
पोखरा, २४ कार्तिक



गण्डकी प्रदेशको सांस्कृतिक विविधता र मौलिक पहिचान झल्काउने “मौलिक (कोसेली) घर” निर्माण कार्यको सोमबार एक विशेष समारोहबीच शिलान्यास भएको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पोखरा महानगरपालिका-९ नयाँबजारमा अवस्थित गण्डकी प्रदेश संग्रहालय परिसरमा निर्माण हुन लागेको कोसेली घरको शिलान्यास गर्दै प्रदेशको सांस्कृतिक सम्पदाको संरक्षण, अध्ययन, अनुसन्धान र पर्यटन प्रवर्द्धनमा नयाँ ऊर्जा थप्ने विश्वास व्यक्त गरे।

उनले प्रदेश सरकारले सुशासन र पारदर्शिता कायम गर्दै भौतिक पूर्वाधार निर्माणमा उल्लेखनीय उपलब्धि हासिल गरिरहेको बताए। “प्रदेश सरकारले गरेका राम्रा कामको प्रचार सबैले गर्नुपर्छ। फेवाताल संरक्षणदेखि पर्यटकको बसाइ लम्ब्याउने काममा प्रदेश सरकार लागिरहेको छ। दुई वर्षभित्र प्रदेशको विकासको दिशा स्पष्ट भएको छ। गण्डकी प्रदेश सातवटै प्रदेशमध्ये नेतृत्वदायी भूमिकामा छ”, उनले भने।

मुख्यमन्त्री पाण्डेले मौलिक घर निर्माणले गण्डकी प्रदेशको सांस्कृतिक पहिचान झल्काउने मात्र नभई आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्ने केन्द्र बन्ने उल्लेख गरे। उनले भने, “संग्रहालयमा बन्दै गरेको कोसेली घरले पर्यटकलाई प्रदेशका विविध संस्कृतिबारे बुझ्न सहज बनाउनेछ। यसले पोखराको पर्यटन प्रवर्द्धनमा पनि ठोस योगदान पुऱ्याउनेछ।” सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले प्रदेश सरकारले गरेका योजना सफल बनाउन स्थानीय समुदायको सहभागिता अनिवार्य रहेको बताए। उनका अनुसार सांस्कृतिक सम्पदाको संरक्षणमा स्थानीय स्तरको सहयोग बिना दीगो परिणाम हासिल गर्न सकिँदैन। “प्रदेश सरकारले बनाएका संरचनाबाट प्रत्यक्ष लाभ स्थानीय समुदायले नै पाउनेछन्। मौलिक संस्कृति र परम्परालाई आधुनिक समाजमा जोगाएर राख्नु हाम्रो साझा जिम्मेवारी हो”, उनले भने। पश्चिमी संस्कृतिको तीव्र प्रभावका कारण मौलिक परम्परा, रीतिरिवाज र कला हराउँदै गएको अवस्थामा संग्रहालयको विस्तारले तिनको पुनर्जीवनमा सहयोग पुग्ने विश्वास उनको छ।

गण्डकी प्रदेश प्राकृतिक सुन्दरता, जातीय विविधता र सांस्कृतिक समृद्धिको केन्द्र भएको र यस प्रदेशमा पाइने मौलिक संस्कृतिहरू आधुनिक प्रभावका कारण लोप हुने अवस्थामा पुगेकाले तिनको संरक्षण, अध्ययन र प्रदर्शन नै संग्रहालयको प्रमुख उद्देश्य भएको उनले स्पष्ट पारे।

मन्त्री थापाका अनुसार गण्डकी प्रदेश सरकारको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट क्रमागत योजना अन्तर्गत निर्माणाधीन कोसेली घरले प्रदेशका ग्रामीण बस्तीमा प्रचलित कला, शिल्प र वास्तुकलाको रूप झल्काउनेछ। लोपोन्मुख कला र शैलीलाई जगेर्ना गर्दै आगन्तुकलाई गण्डकी प्रदेशको मौलिक वास्तुकला र जीवनशैलीबारे प्रत्यक्ष जानकारी दिने उद्देश्यस्वरुप उक्त भवनको निर्माण गर्न लागिएको उनले बताए। सामाजिक विकास,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## यातायात क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउनु सरकारको प्राथमिकता: मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २४ कार्तिक




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले यातायात क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउने तथा यस क्षेत्रको लगानीलाई सुरक्षित गर्ने सरकारको प्राथमिकता रहेको बताउनुभएको छ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ गण्डकी प्रदेशको सातौँ वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशनको आज पोखरामा उद्घाटन गर्दै उहाँले जनताको चाहनाअनुसार यातायात सेवा पुऱ्याउन सबै पक्ष लाग्नुपर्नेमा जोड दिनुभयो। मुख्यमन्त्री पाण्डेले भन्नुभयो, “यातायातक्षेत्रमासम्बद्ध लाखौँ मजदुरको पेशागत सुरक्षा ग्यारेन्टी र जनताको चाहनाअनुसार सरल र सुविधायुक्त यातायातको चाहनालाई सम्बोधन गर्ने कार्यभार प्रदेश सरकारको छ। प्रदेश सरकारले बनाउने ऐन कानुनले मात्र यी कुराहरु सम्भव छैन। यसका लागि यस क्षेत्रमा लगानी गर्ने लगानीकर्ता, मजदुर र सरकारको बीचमा सामञ्जस्य र सौहार्दपूर्ण वातावरण आवश्यक छ।” मुख्यमन्त्री पाण्डेले यातायात क्षेत्रको सुधारका लागि आवश्यक कानुनी जटिलतालाई सरकारले सहज बनाउने प्रतिबद्धतासमेत जनाउनुभयो। उहाँले व्यवसायीको खर्बौंको लगानी डुब्न नदिन र लाखौँ रोजगारी खोस्ने कुनै पनि कार्य सरकारले नगर्ने समेत स्पष्ट पार्नुभयो। कार्यक्रममा मुख्यमन्त्री पाण्डेले ‘राइड सेयरिङ’ गैरकानुनी रुपमा चलेको भएकाले त्यसलाई प्रदेश सरकारले नियमन गर्न खोजेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “गैरकानुनी रुपमा चलेको व्यवसायलाई कर र सुरक्षाको दायरामा ल्याउन खोजिएको हो। यसबाट सरकार र व्यवसायीबीच असमझदारी भयो। यातायात क्षेत्रलाई क्रमिक रुपमा प्रविधिमैत्री बनाउनु आवश्यक।”

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले व्यवसायी कहिल्यै पनि प्रविधिको विरोधी नभएको बताउँदै विदेशी गैरकानुनी ‘एप्स’को मात्र आफूहरुले विरोध गरेको बताउनुभयो।

## जेनजी आन्दोलनमा प्रहरी कार्यालयबाट हतियार लुटपाट गर्ने एक जना बालक हतियार सहित पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २४ कार्तिक

जेनजी आन्दोलनका क्रममा प्रहरी कार्यालयमा तोडफोड, आगजनी र हातहतियार लुटपाट गर्ने घटनामा संलग्न एक जना बालकलाई कास्की प्रहरीले पक्राउ गरेको छ।

पोखरा महानगरपालिका-४ स्थित डेरामा बस्दै आउनु भएको १६ वर्षका एक किशोर (नाम गोप्य) लाई प्रहरीले पोस्तोल सहित नियन्त्रणमा लिएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गृह र अध्यागमनको टोलीद्वारा कोरला नाका अवलोकन

पोखरापत्र संवाददाता
मुस्ताङ, २४ कार्तिक

गृह मन्त्रालय र अध्यागमन विभागको टोलीले नेपाल-चीन सीमामा रहेको कोरला नाका अवलोकन गरेको छ।

पोखराबाट हवाई मार्ग हुँदै जोमसोम आइपुगेर सोही दिन कोरला नाका पुग्नुभएका गृह सचिव रामेश्वर दङ्गाल, अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीलगायतको टोलीले कोरला नाकाको अध्ययन अवलोकन गरेको हो । गृह र अध्यागन विभागको टोलीले लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्पेल विष्ट र कोरलास्थित अध्यागमन कार्यालयका प्रमुख प्रवेश बडुवालबाट नाकाको विषयमा जानकारी लिएको थियो। टोलीले कोरला नाकामा रहेको अध्यागमन कार्यालयको अस्थायी भवनको समेत निरीक्षण गरेको कार्यालय प्रमुख बडुवालले बताउनुभयो ।

यस्तै गृह र अध्यागमन विभागको टोलीले लोमान्थाङ-२ न्हेचुङस्थित मुस्ताङ भन्सार कार्यालय र सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) भवनको निरीक्षण गरेको थियो। त्यहाँस्थित भन्सार कार्यालयका प्रमुख रमेश खड्काले भन्सार कार्यालयका समस्या, चुनौतीलगायत विषयमा टोलीलाई जानकारी गराएको थियो। लोमान्थाङस्थित इलाका प्रशासन कार्यालयलाई अध्यागमन कार्यालयसँगै व्यवस्थापन गर्ने गरी प्रारम्भिक छलफल भएको छ।

समुन्द्री सतहको चार हजार ६१० मिटरको अग्लो उचाइमा अवस्थित अध्यागमन कार्यालयलाई न्हेचुङ भन्सार नजिकैको स्थानमा व्यवस्थापन गर्न सकिनेलगायत विषयमा प्रारम्भिक छलफल भएको प्रमुख बडुवालले बताउनुभयो । त्यहाँ एकीकृत भन्सार, अध्यागमन, सुक्खा बन्दरगाह र सुरक्षा पोष्ट व्यवस्थापन गर्न सके प्रभावकारी हुने गृह र विभागको टोलीलाई सुझाव दिइएको छ।

लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टलाई कोरला नाकालाई पर्यटन मार्गका रूपमा विस्तार गर्न चिनियाँ राहदानी प्राप्तिको सुविधा स्थानीयस्तरबाटै व्यवस्थापन गर्न सके नेपाली नागरिकलाई चीनको भ्रमण गर्न सहज हुने बताउनुभयो। अध्यक्ष विष्टले काठमाडौँका चाइनिज दूतावासबाट प्रवेशाज्ञा लिन जाँदा अन्य नाकाबाट चीनको भ्रमण गर्न सकिने भएकाले यहाँ कोरला नाकाको पर्यटन मार्गलाई गतिशील बनाउन चिनियाँ दूतावासको समन्वयमा मुस्ताङमै वैकल्पिक प्रवेशाज्ञा प्राप्तिको व्यवस्था गर्न सकिने प्रभावकारी हुने गृह र अध्यागमनको टोलीलाई सुझाव दिइएको छ।

अध्यक्ष विष्टले उपल्लो मुस्ताङमा अध्यागमन विभागले विदेशी पर्यटकबाट उठाउने प्रवेशआज्ञा शुल्क हटाउन माग गर्नुभयो । कोरला नाकाको अध्ययन अवलोकका क्रममा गृह सचिव दङ्गालले कोरला नाकालाई नेपाल-चीन अन्तरराष्ट्रिय नाकाको रूपमा विकास गर्दै लैजाने प्रतिबद्धता जनाउनुभयो।

सरकारले चालु आर्थिक वर्षमा यहाँको अध्यागमन कार्यालयको भवन निर्माण गर्न रु तीन करोडभन्दा बढी बजेट विनियोजन गरिसकेको छ । अब उपयुक्त स्थानको पहिचान गरी भवन निर्माणमा जोड दिइने अध्यक्ष विष्टले बताउनुभयो । "यो नाका अन्तरराष्ट्रिय नाकाको रूपमा विकसित भइसकेको छ, यहाँका भन्सारबाट चीनका मालवस्तु पैठारी हुन थालेका छन्", गृह सचिव दङ्गालले भन्नुभयो, "अब भन्सारका सबै पूर्वाधारहरू व्यवस्थापन गर्नेतर्फ लाग्छौँ, कोरला नाकालाई कैलाश, सिगात्से र ल्हासा पर्यटन मार्गको रूपमा अध्यागमनलाई सहज गराउँछौँ।"



नरसिंहा बाजाः
कास्कीको माछापुच्छे गाउँपालिक-६ अस्तामस्थित बाजा पार्कमा रहेको दुई नरसिंहा बाजा पृष्ठभूमिमा देखिएको माछापुच्छे हिमाल। परम्परागत बाजाको पहिचानलाई जोगाउने लक्ष्यका साथ यहाँ बाजापार्क निर्माण गरिएको हो। तस्बिरः वासुदेव पौडेल/रासस

# 'जेनजी' आन्दोलनमा गण्डकीमा पाँच अर्बको क्षति

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा गण्डकी प्रदेशमा झण्डै रु पाँच अर्ब बराबरको भौतिक क्षति भएको छ।

सोमबार बसेको प्रदेशसभा बैठकलाई सम्बोधन गर्ने क्रममा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारी भवन र सवारीसाधन गरी करिब रु दुई अर्ब र निजी क्षेत्रतर्फ रु तीन अर्ब क्षति पुगेको जानकारी दिनुभयो।

कास्की, तनहुँ, नवलपुर, पर्वत, बागलुङ, म्याग्दी, स्याङ्जा गरी सात जिल्लाका १३८ वटा सरकारी कार्यालय र ६१ वटा निजी संरचनामा क्षति पुगेको उहाँले बताउनुभयो। प्रदेशभित्र ३६१ वटा दुईपाङ्ग्रे सवार ीसाधनमा आगजनी भएको, सात वटा तोडफोड गरिएको र तीनवटा हराएको जनाइएको छ । यसैगरी १६१ वटा चारपाङ्ग्रे सवारीसाधनमा आगजनी भएको र ३१ वटा तोडफोड भएको मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो।

आन्दोलनका क्रममा प्रदेशभित्र तीन जनाले ज्यान गुमाएका थिए भने सुरक्षाकर्मी र आन्दोलनरत पक्षतर्फ गरी ७० जनाभन्दा बढी घाइते भएका थिए। मुख्यमन्त्री पाण्डेले क्षति पुगेका संरचनाको तीन चरणमा पुनर्निर्माण गरिने बताउनुभयो । तत्काल मर्मतसम्भार गर्न सकिने संरचनाको काम पहिलो चरणमा भइरहेको उहाँको भनाइ थियो।

दोस्रो चरणमा आंशिक क्षति पुगेका भौतिक संरचनाको प्रवलीकरण गरिने र पुनर्निर्माण गर्नुपर्ने संरचनाको काम तेस्रो चरणमा गरिने मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

"क्षति पुगेका संरचनाको प्राविधिकहरुबाट मूल्याङ्कन र लागत योजनासमेत तयार गरिएको छ, कतिपय संरचनाको पुनर्निर्माणका लागि ठेक्का प्रक्रियासमेत अगाडि बढिसकेको छ", उहाँले भन्नुभयो। मुख्यमन्त्री पाण्डेले एकैसाथ धेरै संरचनामा क्षति पुगेकाले पुनर्निर्माणका लागि स्रोत जुटाउन समस्या भइरहेको बताउनुभयो।

नगरी नहुने चालु कार्यक्रमबाहेकका खर्च कटौती गरी पुनर्निर्माणका लागि स्रोत जुटाउने नीतिगत निर्णय लिई कार्यान्वयनमा जान सबै मन्त्रालयलाई निर्देशन दिइएको उहाँको भनाइ थियो । दीर्घकालीन रुपमा गर्नुपर्ने पुनर्निर्माणका लागि प्रदेश सरकारले योजना बनाइरहेको उहाँले बताउनुभयो।

# भद्रकाली सहकारीको अध्यक्षमा बाबुराम सापकोटा

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

पोखरा महानगरपालिका वडा नं १३ विपि मार्ग स्थित भद्रकाली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सातौँ साधारणसभा तथा तेस्रो अधिवेशनले बाबुराम सापकोटालाई अध्यक्ष पदमा चयन गरेको छ।

शनिवार भएको अधिवेशनले उपाध्यक्षमा सन्तोष थापा, सचिवमा नीलकण्ठ सिग्देल र कोषाध्यक्षमा पुरुषोत्तमराज घिमिरे चयन गरेको छ। यसैगरी सदस्यहरूमा सन्तोष गुरुङ, पदम श्रेष्ठ, देवीबहादुर गुरुङ, बिनकुमारी गुरुङ, गीता अधिकारी भण्डारी, गीता लौडारी र पदमकुमारी गुरुङ निर्वाचित भएका छन् । सोही दिनको भेलाले लेखा सुपरिवेक्षण समिति संयोजकमा कृष्णराज भट्टराई चयन भएका छन् भने सदस्यहरूमा क्रमश कृष्णप्रसाद सुवेदी र सन्जय कोइराला रहेका छन् । साधारणसभाले आर्थिक



वर्ष ८१/८२ का लागि सञ्चालक समितिबाट प्रस्तुत अध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखा सुपरिवेक्षण समितिका संयोजकको प्रतिवेदन पारित भएको छ। सो कार्यक्रममा जेष्ठ नागरिक सम्मान, उत्कृष्ट बचतकर्ता सम्मान र उत्कृष्ट कारोबारीलाई पनि सम्मान पनि प्रदान गरियो । संस्थाका अध्यक्ष डा. दीपकराज सुवेदीको अध्यक्षतामा सम्पन्न यस कार्यक्रमका प्रमुख अतिथि जेष्ठ सदस्य तोयनाथ सुवेदी रहेका थिए। कार्यक्रममा निर्वाचन मण्डलका संयोजक संस्थापक अध्यक्ष किरणराज घिमिरे थिए भने सदस्यहरूमा मधुरा श्रेष्ठ र हस्तबहादुर थापा रहेका थिए। कार्यक्रममा संस्थाका उपाध्यक्ष नरबहादुर गुरुङले स्वागत संस्थापक अध्यक्ष किरणराज घिमिरेले शुभकामना मन्तव्य दिएका थिए भने । कार्यक्रमको सञ्चालन सचिव बाबुराम सापकोटाले गरेका थिए।

# 'जुनकिरीको सन्देश' त्रैमासिक पत्रिकाका प्रधान सम्पादक तिमिल्सीना रहेनन्

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

'जुनकिरीको सन्देश' त्रैमासिक पत्रिकाका प्रधान सम्पादक ताराप्रसाद तिमिल्सीनाको निधन भएको छ।

वि.सं. २००८ साल मंसीर १२ गते पोखरा १६ बाटुलेचौरमा जन्मिएका ७३ बर्षिय तिमिल्सीनाको गएराती आफ्नै निवासमा निधन भएको हो । लामो समयदेखि प्रोष्टेट क्यान्सरबाट पिडित उनको



सोमबार बिहान सेती नदीस्थित तुलसी घाटमा अन्तिम संस्कार गरिएको छ।

नेकपा एमालेका सांगठनिक सदस्य समेत रहेका तिमिल्सीनाको पार्थिव शरिरमा एमालेका केन्द्रिय सदस्य कृष्ण थापा र कास्की अध्यक्ष बैनबहादुर क्षेत्री अधिकारीले पार्टीको झण्डा ओढाएर अन्तिम विदाई गरेका थिए।

उनलाई छोरा पवन तिमिल्सीनाले दागबत्ती दिएका थिए । यसअघि घरबाट तुलसीघाटसम्म शवयात्रा भएको थियो । बिभिन्न सामाजिक, धार्मिक तथा शैक्षिक क्षेत्रमा क्रियाशिल तिमिल्सीना प्रति बिभिन्न संघ संस्थाका प्रतिनिधी एवं स्थानियले श्रद्धाञ्जली अर्पण गरेका थिए।

उनका श्रीमती, १ छोरा र ३ छोरी छन्। स्वर्गीय तिमिल्सीना हिमालय क्लवले प्रकाशन गर्ने 'जुनकिरीको सन्देश' त्रैमासिक पत्रिकाका प्रधान सम्पादकका साथै क्लवका पुर्व अध्यक्ष, शुक्ला साहित्य प्रतिष्ठान, भुतपुर्व विन्ध्यवासिनी विद्यार्थी मञ्चका पुर्व अध्यक्ष,वातावरण क्लवका र विन्ध्यवासिनी क्याम्पसका सल्लाहकार, स्व झलकमान गन्धर्व शालिक निर्माणका अगुवा रही महत्वपुर्ण योगदान पुर्याएका थिए । उनको निधनबाट समाजले एक असल अभिभावक गुमाएको समाजसेवी बसन्त तिमिल्सीनाले बताए ।तिमिल्सीनाकोर्िि नधनप्रति हिमालय क्लव, शुक्ला साहित्य प्रतिष्ठान, विन्ध्यवासिनी क्याम्पस, वातावरण क्लव, नेकपा एमाले वडा कमिटी पोखरा १६ लगायतका संघ संस्थाले शोक व्यक्त गरेका छन्।

## प्रदेश संक्राहलयमा ...

युवा तथा खेलकुद मन्त्रालयका निमित्त सचिव दामोदर सुवेदीले गण्डकी प्रदेश सरकारको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट क्रमागत योजना अन्तर्गत सञ्चालन भइरहेको यस परियोजनाको कुल लागत रु. २ करोड ८३ लाख २७ हजार ९३२ रुपैयाँ ३ पैसा (भ्याट र कन्टिन्जेन्सी सहित) रहेको र सम्झौता रकम रु. १ करोड ८५ लाख ८८ हजार २६४ रुपैयाँ ६६ पैसा (भ्याट सहित) रहेको जानकारी गराए। कोसेली घरको निर्माण आगामी असार मसान्तसम्म सक्नेगरि टुडे बिल्डर्ससँग सम्झौता भएको भनाई उनको छ । पोखरा महानगरपालिका वडा नं. ९ का वडाध्यक्ष दिपेन्द्र मर्सानीले संग्रहालयमा बन्दै गरेको कोसेली घरले पोखरा र समग्र गण्डकी प्रदेशलाई सांस्कृतिक र पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने बताए। सांस्कृतिक पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादनको बजार विस्तार र समुदायमा आर्थिक अवसर सिर्जना गर्न सहयोग पुग्ने विश्वास उनको छ। प्रदेश सरकारको उक्त कार्यलाई सफल पार्न स्थानीय तह प्रतिबद्ध रहेको समेत उनले उल्लेख गरे।

ठेक्का लिएको कम्पनी टुडे बिल्डर्सका ईन्जिनियर सिरश बास्तोलाले निर्माण कार्य समय अवधिमा नै सक्ने प्रतिबद्धता जनाएका छन्।

# दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता फागुन पहिलो साता

रासस
काठमाडौं, २४ कार्तिक

सरकारले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी फागुन पहिलो साता आयोजना गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को आजको बैठकले आगामी फागुन १ गतेदेखि ७ गतेसम्म कर्णाली प्रदेशमा १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न स्वीकृति दिने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिनुभयो।

बैठकले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण दोस्रो संशोधन नियामावली, २०८२ स्वीकृत गर्ने निर्णय भएको छ।

साथै गत भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगमा निजामतीतर्फ चार र नेपाल प्रहरीबाट ११ जना कर्मचारी थप्ने निर्णय भएको मन्त्री खरेलले जानकारी दिनुभयो।

सरकारले यही कात्तिक २६ गतेदेखि २८ गतेसम्म भारतको नयाँदिल्लीमा आयोजना हुने नेपाल-इन्डिया कोओर्डिनेसन बैठकको नवौँ बैठकमा सहभागी हुनका लागि सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक राजु अर्याल संयोजकत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति प्रदान गर्ने, भू-उपयोग तेस्रो संशोधन नियमावली, २०८२ स्वीकृत गर्ने समेत बैठकले निर्णय गरेको मन्त्री खरेलले बताउनुभयो।

## जेनजी...

कास्की प्रहरीले जनाएको छ । बालकको साथबाट चाइनिज पेस्तोल (टाइप-५४, म्यागजिन नभएको) बरामद गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता हरिबहादुर बस्नेतले बताउनु भयो। उक्त घटनासँग सम्बन्धित व्यक्तिहरूको पहिचान र अनुसन्धान जारी रहेको थियो । सोही क्रममा कात्तिक २३ गते बालकलाई नियन्त्रणमा लिएको उहाँले जनाउनु भयो।

पक्राउ परेका किशोरलाई कास्की जिल्ला अदालतबाट "आपराधिक उपद्रव गर्न नहुने सम्बन्धी कसूर" अन्तर्गत पाँच दिनको म्याद थप गरी थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

जेनजी आन्दोलनको क्रममा प्रहरी कार्यालयबाटै मोटरसाइकल चोर्ने देखि विभिन्न सरकारी कार्यालय तथा नीजि सम्पत्ति माथि आगजनी, तोडफोड गर्नेहरु प्रहरीले पक्राउ गर्न सुरु गरि सकेको छ । केही व्यत्तिलहरुलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, व्यूझ्दा मैले पाए जीवन कर्तव्य हो । – फारसी उखान

## सम्पादकीय

# किसानलाई सधैंको पीडा

नेपालमा असार-साउनमा मनसुन कमजोर हुँदा रोपाइँ जेनतेन सम्पन्न गरेका किसान फसल भित्र्याउने बेला आएको बेमौसमी वर्षाले फेरि असहाय बनेका छन् । खेतमै ढलेको, पानीमा डुबेको, कुहिएर नष्ट हुँदै गएको धान हेर्दा किसानको वर्षभरको पसिना, समय, लगानी र आशा सबै पानीमा बगिरहेको अनुभूति हुन्छ ।

कृषि केवल पेसा वा जीविकोपार्जनको माध्यम मात्र होइन, देशको आर्थिक एवं सामाजिक संरचना र खाद्य सुरक्षा प्रणालीको मेरुदण्ड हो । तर, यही आधार आज न त राज्यले बुझेको छ, न नीति निर्माताले नै । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार यस वर्ष धान उत्पादन १५ प्रतिशतसम्म घट्ने अनुमान छ । यो केवल प्रतिशतको कुरा होइन, यो किसानी जीवनको संकट हो । मध्यपहाड, तराई र विशेषतः कोशी प्रदेशमा दुई लाख ६८ हजार हेक्टरभन्दा बढी धानबालीमा क्षति पुगेको छ । मधेसमा त खडेरीले रोप्न नदिएको र अहिले वर्षाले काट्न नदिएको दुवै मार परेको छ ।

वर्षभरको लगानी ऋणमै हुने, र अन्ततः बाली खेर जानु किसानका लागि आर्थिक मात्र होइन, मानसिक पीडा पनि हो । मौसम पूर्वानुमान हुने तर सूचना किसानसम्म नपुग्ने अवस्था, अझ दुःखद् छ । डिजिटल पहुँच नभएका किसान सूचनाविहीनताका कारण बारम्बार नोक्सानमा पर्न बाध्य छन् । समयमा मल नपाइने, सिँचाइ नहुने अनि उत्पादन भइसकेपछि बेमौसमी प्राकृतिक प्रहारले किसानलाई खेती नै छाड्ने अवस्थामा पुऱ्याइरहेको छ। कसरी किसानलाई टिकाइरहने ? कसरी कृषि सुरक्षित बनाउने ? भन्ने प्रश्न गम्भीर छ ।

कृषि उत्पादनलाई सुरक्षित गर्न राज्यले किसानलाई प्राथमिकता दिनुपर्छ। विपद् व्यवस्थापन समिति बैठक बस्यो भन्दैमा किसानको पेट भरिँदैन । तत्काल देशभरका क्षतिको उचित मूल्यांकन गरी सीधा राहत किसानको हातमा पुऱ्याउनुपर्छ । बीउ, मल, सिँचाइ प्रबन्ध, र समयमै सूचना प्रवाह, यी कृषि नीतिका आधारभूत तत्व हुनुपर्छ । स्थानीय तहलाई मौसम सूचना प्रसारणमा सक्रिय बनाइनुपर्छ । कृषिमा मौसमको प्रभाव सबैभन्दा बढी पर्छ, तर विभागको सूचना गाउँसम्म नपुग्दा बालीबिनाकारण नष्ट हुन्छ । जलवायु परिवर्तनअनुसार कृषि प्रणाली परिमार्जन गर्न आवश्यक छ । अस्थिर वर्षा, लामो खडेरी, एकैपटक परेको भारी पानी अब अपवाद नभई सामान्य हुन थालेका छन् । तर यस प्रणालीप्रति किसानमा सचेतना छैनन, न त अध्ययन अनुसन्धान गरी सचेत गराउने अभियान चलाइएको छ । अव लचिलो कृषि प्रणाली, सुरक्षित भण्डारण, जलस्रोत व्यवस्थापन र बीउ-बाली विविधिकरणमा राज्यले लगानी बढाउनुपर्छ ।

कृषकलाई बजारमा उचित मूल्य पाउने वातावरण सुनिश्चित गरिनुपर्छ । उत्पादन घटेपछि चामल आयात बढ्ने स्पष्ट देखिन्छ । खेतमै कुहिएको धान किसानको मात्र नोक्सान होइन, यो राष्ट्रको खाद्य सुरक्षा जोखिम, अर्थतन्त्रको संकट र कृषि नीतिको दुर्बलताका सूचक हुन् । त्यसैले अब कागजी प्रतिबद्धता होइन, व्यावहारिक कदम चाल्ने बेला छ । किसान बाँच्यो भने मात्रै देश बच्ने हो । उत्पादन बढाउन किसानलाई प्रेरित गर्न न्यूनतम समर्थन मूल्य नीति कडाइका साथ लागू गरिनुपर्छ । किसानको मूल्य खेतीमा मात्र होइन, देश निर्माणमा छ । उनीहरूको श्रमले मात्र सहरहरू पेट भरिरहेका छन् । तर हरेक संकटमा किसान नै सबैभन्दा पीडित हुने परम्परा अब तोडिनुपर्छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# गुरुकुलका बटुकको स्वास्थ्य बीमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २४ कार्तिक

स्याङ्जाको चापाकोट नगरपालिका-८, खोरियाघाटस्थित मणिमुकुन्देश्वर गुरुकुलमा अध्ययनरत आवासिय ८ जना विद्यार्थीको स्वस्थ्य बीमा गरिएको छ । गुरुकुलमा अध्यनरत जन्म दर्ता भएका र विवरण पुगेका बटुकको स्वास्थ्य सुरक्षाका लागि २८ हजार रुपैयाँ बराबरको स्वास्थ्य बीमा गरिएको हो ।

गुरुकुलमा बस्दै आएका विद्यार्थीहरू बिरामी परेपछि अस्पताल लैजान अभिभावक तथा समितिका प्रतिनिधिहरू समयमै उपस्थित हुन नसक्ने समस्या देखिएपछि चापाकोट नगरपालिका वडा नं.-८ को पहलमा बटुकहरुको बीमा गरिएको वडाध्यक्ष टोपलाल न्यौपाने (राजु) ले बताए। बटुकको बीमा सुविधासँगै गुरुकुलका विद्यार्थीलाई उपचारमा छिटो, छरितो र सहज हुने अपेक्षा गरिएको न्यौपानेले बताए । विद्यार्थीको स्वास्थ्य हाम्रो प्राथमिकता रहेको बताउँदै न्यौपानेले आउँदा दिनमा जुनसुकै बालक बिरामी परेपनि उपचारका कुनै ढिलाइ नहुनेमा विश्वास जनाए। मणिमुकुन्देश्वर गुरुकुलमा २४ जना गरिब, जेहेन्दार तथा अभिभावक बिहीन विद्यार्थी अध्यनरत रहेको गुरुकुलका प्रमुख जिवन आचार्यले बताए । पहिलो चरणम १० जनाको बीमा माग गरिएकोमा दुई जना बटुकको आवश्यक कागज अभाबमा बीमा हुन् सकेन। कागजी प्रक्रिया पुरा भएसँगै अन्य बटुकहरुको समेत बीमा गरिने भएको छ। वडाको सहयोगले गुरुकुलका विद्यार्थीहरूमा स्वास्थ्य सुरक्षा प्रदान गरेको प्रमुख आचार्यले बताए। गुरुकुलको सेवा विस्तार, संस्कार र समर्पणको यात्रामा अगाडी बढ्न बीमाले थप प्रभावकारीता थप्नेमा गुरुकुलले अपेक्षा गरेको छ । २०६५ सालमा स्थापना भएको गुरुकुल दाताहरुको सहयोगमा संचालन हुँदै आएको छ । गुरुकुलमा अध्ययनरत बटुकहरूलाई आवास सहितको भोजन, शैक्षिक सामग्री गुरुकुलले व्यवस्थापन गर्दै आएको छ। स्थानीय स्वास्थ्य संस्थाको सहकार्यमा बटुकको उपचार सुविधा निःशुल्क गरिदै आएको छ ।

# वालिङलाई अत्याधुनिक दमकल

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २४ कार्तिक

जापान सरकारले स्याङजाको वालिङ नगरपालिकालाई अत्याधुनिक उपकरण सहितको दमकल सहयोग गरेको छ । आगलागी नियन्त्रण, उद्धार र आपतकालीन सेवा सुदृढीकरणका लागि भन्दै वालिङ् सहित देशभरका १२ वटा स्थानीय तहलाई अत्याधुनिक दमकल (फायर ट्रक) हस्तान्तरण गरिएको छ ।

दमकलमा पानी र रासायनिक दुबै पदार्थ प्रयोग गर्न सकिने सुविधा रहेको छ । जापान सरकारको 'ग्रान्ट असिस्टेन्स फर ग्रास रुट्स ह्युमन सेक्युरिटी प्रोजेक्ट' (जीजीपी) कार्यक्रम अन्तर्गत स्थानीय पालिकाहरुलाई सहयोग उपलब्ध गराइएको हो ।

भोलिन्टियर कर्भस नेपाल र युनाइटेड मिसन टु नेपाल नामक दुई गैर-सरकारी संस्था मार्फत दमकल प्राप्त गर्न सहयोग पुगेको बताइएको छ । करिब एक करोड मूल्य बराबरको दमकल सशस्त्र प्रहरी बल नेपाल नं. १९ हेडक्वाटरबाट हस्तान्तरण गरिएको छ। जापान सरकारको सहयोगले नेपालमा आपतकालीन सेवामा सहज पुग्ने र क्षति हुनबाट जोगाउने भोलिन्टियर कर्भस नेपालका अध्यक्ष दीपक चापागाईको भनाई छ । बाक्लो बसोबास भएका बजार क्षेत्र, ठूल्ठूला उद्योग, पेट्रोलपम्प र आवासीय क्षेत्रमा लाग्ने आगलागी नियन्त्रणमा समेत छिटो छरितो र प्रभावकारी हुने उनले बताए । वालिङ्मा दमकलको अभाव भएकै बेला सुबिधा सम्पन्न दमकल प्राप्त भएपछि नगरप्रमुख कृष्ण खाँणले जापान सरकार र परियोजना साझेदार संस्थाप्रति आभार व्यक्त गरे । 'प्राप्त दमकल केवल वालिङ नगरपालिकाभित्र मात्र सीमित रहने छैन ।' उनले भने, 'आवश्यक पर्दा छिमेकी पालिका र जिल्लामा समेत परिचालन गर्नेछौं ।' सन् १९९१ देखि सञ्चालनमा आएको जापान सरकारको ग्रान्ट असिस्टेन्स फर ग्रासरुट्स ह्युमन सेक्युरिटी प्रोजेक्ट (जिजिपी) कार्यक्रमले नेपालमा हालसम्म दुई सय भन्दा बढी परियोजना कार्यान्वयन गरेका छन् । परियोजनाले विद्यालय भवन निर्माण, स्वास्थ्य सेवा विस्तार, खानेपानी प्रणाली सुधार, सडक निर्माण, र आपतकालीन सेवाको सुदृढीकरण जस्ता क्षेत्रमा सहयोग गर्दै आएको छ। पछिल्लो तथ्याङ्क अनुसार स्याङजा जिल्लामा गएको आर्थिक वर्षमा मात्रै ३१ वटा आगलागीको घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। आगलागीमा एक जनाको ज्यान गएको थियो भने एक करोड तिन लाख बराबरको आर्थिक क्षति भएको थियो । दमकल पाएपछि पालिकासँगै स्थानीय खुसी भएका छन् ।

# दृष्टिविहीन टी-२० महिला विश्वकप खेल्न नेपाली टोली भारततर्फ

**रासस**
काठमाडौं, २४ कार्तिक

भारत र श्रीलङ्कामा संयुक्त रुपमा आयोजना हुन लागेको पहिलो महिला दृष्टिविहीन टी-२० विश्वकप क्रिकेट खेल्न नेपाली टोली सोमबार भारत प्रस्थान गरेको छ ।

यही कात्तिक २५ गतेदेखि आयोजना हुने उक्त प्रतियोगितामा सहभागी हुन जाने नेपाली टोलीलाई बागमती प्रदेश अपाङ्ग महासङ्घका अध्यक्ष उपेन्द्र श्रेष्ठ, राष्ट्रिय अपाङ्ग महासङ्घका केन्द्रीय महासचिव सुगम भट्टराईलगायतले सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो ।

नेपालले पहिलो खेल कात्तिक २६ गते श्रीलङ्कासँग खेल्ने छ । विश्वकपमा नेपालसहित भारत, श्रीलङ्का, पाकिस्तान, अस्ट्रेलिया, अमेरिका र इङ्ल्यान्ड सहभागी छन् ।

# नयाँ सहर १०-आयोजना: २० किमी सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
दमौली, २४ कात्तिक

नयाँ सहर आयोजना कार्यालय डुम्रे भन्सारले २० किलोमिटर सडक कालोपत्र गरेको छ । कार्यालय स्थापनादेखि हालसम्म नयाँ सहर आयोजनाभित्र २० दशमलब ३ किलोमिटर सडक कालोपत्र सम्पन्न भएको हो ।

कार्यालयले ३४ दशमलब ७८ किलोमिटर सडक ग्राभेल, २ दशमलब ७४ किलोमिटर ढलान, ४६ दशमलब ०२ किलोमिटर नाला निर्माण गरेको कार्यालय प्रमुख शान्ति शर्माले जानकारी दिनुभयो । आन्तरिक बसाइसराइलाई व्यवस्थित गर्न मध्यमहाडी लोकमार्गको वरिपरी दश नयाँ सहर स्थापना गर्ने सरकारको नीतिअनुरुप विसं २०९० सम्ममा व्यवस्थित बस्तीसहितको पूर्वाधार तयार गर्न तनहुँमा साविकको भानु गाविस-१, २, ३, ४ र साविकको बन्दीपुर गाविस-१, २, ३ र ४ समेटी आर्थिक वर्ष २०७२/७३ बाट नयाँ सहर आयोजना डुम्रे भन्सारको सुरुवात भएको हो । शर्माका अनुसार गत आर्थिक वर्षमा १ दशमलब ५ किलोमिटर ढलान र १ दशमलब ४ किलोमिटर नाला निर्माण गरिएको छ । सडक ग्राभेल र सडक कालोपत्रको काम उक्त आर्थिक वर्षमा नभएको उहाँले बताउनुभयो । आर्थिक वर्ष २०८०/८१ मा ० दशमलब ७८ किलोमिटर सडक ग्राभेल, १ दशमलब २४ किलोमिटर ढलान, १ दशमलब ६ किलोमिटर कालोपत्र र ३ दशमलब ६२ किलोमिटर नाला निर्माण भएको जनाइएको छ ।

यस्तै आयोजना सुरुभएदेखि आर्थिक वर्ष २०७९/८० सम्म ३४ किलोमिटर सडक ग्राभेल, १८ दशमलब ७ किलोमिटर सडक कालोपत्र र ४१ किलोमिटर नाला निर्माण भएको जनाइएको छ ।

आयोजनाले गत आर्थिक वर्षमा एक सरकारी कार्यालय भवन, तीन सामुदायिक भवन, एक सरकारी भवन मर्मत सम्भार, एक खेलमैदान, दुई मनोरञ्जन पार्क, एक खानेपानी योजना सम्पन्न गरेको छ भने चार सय ३४ सौर्य बत्ती जडान गरेको छ । आयोजनालाई गत आर्थिक वर्षमा चालुतर्फ रु एक करोड पाँच लाख बजेट विनियोजन भएकामा रु ७५ लाख खर्च भएको छ भने पुँजीगततर्फ रु ११ करोड ७७ लाख विनियोजन भएकामा रु चार करोड ७४ लाख खर्च भएको छ ।

कार्यालयले डुम्रे भन्सार जग्गा एकीकरण आयोजनाको प्रक्रिया सुरु गरेको छ । त्यसका लागि छ सय ४३ रोपनी जग्गा पहिचान गरिएको छ ।

त्यसका लागि विसं २०७४ पुस १० गते आयोजनाको चारकिल्लासहित नेपाल राजपत्रमा सूचना प्रकाशित भएको थियो । विसं २०७७ पुस १२ मा अन्तिम प्रतिवेदन बुझाइएको र बाटोको किल्ला तोक्ने कार्य सकिएको छ ।

# आठ वर्षसम्म मङ्गलाले प्रशासकीय भवन बनाउन पाएन निःशुल्क जग्गादाता

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ कात्तिक

म्याग्दीको मङ्गला गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने योजना स्थापनाको आठ वर्षसम्म जग्गा प्राप्ति प्रक्रियामै अल्झिएको छ ।

तीव्र रूपमा बस्ती विकास भइरहेको पालिकाको केन्द्र बाबियाचौरमा मापदण्ड पुग्ने जग्गा निःशुल्क दिन नसक्नु, सरकारी दररेटअनुसार उपलब्ध गराउन रुचि नदेखाउनु, विवाद, समन्वयको कमी र मुद्दाका कारण जग्गा प्राप्ति सकसपूर्ण बनेको हो । स्थानीयवासीबाट निःशुल्क जग्गा प्राप्त हुन नसकेपछि गाउँपालिकाले मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार सरकारले जग्गा खरिद गरेर भवन बनाउन अनुमति दिएको छ । पछिल्लो तीन आर्थिक वर्षमा जग्गा खरिद गर्न वार्षिक रु एक करोडका दरले विनियोजन भएको बजेट कार्यान्वयन हुनसकेको छैन ।

आफ्नै भवन नहुँदा सेवा प्रवाहमा कठिनाइ र भाडामा वार्षिक लाखौं बजेट खर्चनुपरेको छ । भाडाको घरमा रहेका साँघुरा कोठामा काम गर्न अप्ठ्यारो भएको प्रशासन शाखाका प्रमुख सुर्दशन पौडेलले जानकारीदिनुभयो । कार्यालय सञ्चालनका लागि गाउँपालिकाले मासिक रु ६७ हजार ५०० घरभाडामा खर्च गर्दै आएको छ । माटेबगरमा रहेको कृषि उपज सङ्कलन केन्द्रको भवन मर्मत गरेर गत वर्षदेखि कृषि र पशु सेवा शाखा सञ्चालन भएको छ । स्थापनाको तीन वर्ष साविक बाबियाचौर गाविसको भवनमा रहेको गाउँपालिकाको कार्यालय २०७८ सालमा भाडाका घरमा सारिएको थियो । गाउँपालिका सरेपछि उक्त भवनमा वडा नं २ को कार्यालय सञ्चालन भएको छ । मङ्गला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले स्थापनाकालदेखि नै जग्गा खोजे पनि विभिन्न कारणले नपाएको बताउनुभयो । "मापदण्डअनुसारको छ रोपनी जग्गा नभएसम्म भवन बनाउन सङ्घीय सरकारले अनुदान दिँदैन", उहाँले भन्नुभयो, "निःशुल्क जग्गा नपाएपछि खरिद गर्ने प्रक्रिया अघि बढाए पनि पाइएको छैन । प्रयास गरिरहेका छौं ।" निःशुल्क र खरिद गर्ने जग्गा नभएपछि माटेबगर स्थित सार्वजनिक जग्गा प्राप्तिको प्रक्रिया अघि बढाउने तयारी गरेको अध्यक्ष रोकाले बताउनुभयो । जग्गा प्राप्ति प्रक्रियामा बाबियाचौरका समुदाय र राजनीतिक दलहरूबाट सहयोग नपाएको उहाँले गुनासो गर्नुभयो ।

छवटा स्थानीय तह रहेको म्याग्दीमा मङ्गलासहित अन्नपूर्ण र मालिका गाउँपालिकाले भवन निर्माणका लागि जग्गा प्राप्तिमा अल्झिएका छन् । धवलागिरि गाउँपालिकाले घट्टेखोलामा स्थानीयवासीले उपलब्ध गराएको जग्गामा भवन निर्माण अन्तिम चरणमा पुऱ्याएको छ ।

रघुगङ्गा गाउँपालिकाले पनि स्थानीयवासीसँग समन्वय गरेर पालिकाको केन्द्र मौवाफाँटमा जग्गा व्यवस्थापन गरेर गत आर्थिक वर्षदेखि भवन निर्माण सुरु गरेको छ । सदरमुकाम अवस्थित बेनी नगरपालिकाले साविक अर्थुङ्गे गाविस, भूसंरक्षण कार्यालयको भवन तथा परराष्ट्र मन्त्रालयको नाममा रहेको जग्गामा भवन बनाएर कार्यालय सञ्चालन गरेको छ ।

# बागलुङमा थपिए ६३१ मतदाता

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ कात्तिक

बागलुङमा ६३१ नयाँ मतदाता थपिएका छन् । निर्वाचन तयारीअनुसार बागलुङमा मतदाता नामावली सङ्कलन भइरहेको छ । आगामी फागुन २१ हुने प्रतिनिधिसभाको निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय बागलुङ तयारीमा जुटेको छ ।

कार्यालयले मतदाता नामावली सङ्कलन, ठाउँसरी र त्रुटि सञ्चाउने कार्य कार्यालयबाट दैनिक रूपमा गरिरहेको छ । निर्वाचन आयोगको निर्देशनअनुसार असोज ९ गतेपछि अनलाइन र कार्यालय दुवै स्थानबाट ठाउँसरी र त्रुटि सञ्चाउने काम भइरहेको छ भने कार्यालयबाट नयाँ मतदाता नामावली सङ्कलनको काम भइरहेको छ । निर्वाचनको मिति घोषणा भएको असोजको ९ गतेपछि अहिलेसम्म बागलुङ जिल्लामा ६३१ मतदाता नामावली सङ्कलन गरिएको ३१६ जनाको ठाउँसरी गरिएको र ५१ जनाको त्रुटि सच्चाइएको जिल्ला निर्वाचन कार्यालय बागलुङले जनाएको छ । जिल्ला निर्वाचन कार्यालयलाई कात्तिक मसान्तसम्म मतदाता नामावली सङ्कलन र अध्यावधिकको काम गर्नु भनी आएको परिपत्रअनुसार दैनिक नयाँ मतदाता नामावली दर्ता र अध्यावधिकको काम भइरहेको जिल्ला निर्वाचन कार्यालय बागलुङका प्रमुख तथा निर्वाचन अधिकारी यज्ञप्रसाद रिजालले जानकारी दिनुभयो । उहाँले नयाँ नामावली दर्ता, ठाउँसारी र त्रुटि सच्चाउने काम जिल्ला निर्वाचन कार्याय बागलुङबाट भइरहेको बताउनुभयो । उहाँले नेपालका जुनसुकै निर्वाचन कार्यालयबाट नामावली सङ्कलनको काम गर्न सकिने बताउँदै बागलुङ जिल्ला ठेगाना भएकाले यही निर्वाचन कार्यालय आउनुपर्छ भन्ने नरहेको बताउनुभयो । ठाउँसरीका लागि भने बसाइसराइँ दर्ता प्रमाणपत्र अथवा विवाह दर्ताको प्रमाण अनिवार्य रहेको बताउनुभयो । यस्तै नागरिकता नम्बर सच्चाउने, नाम, बाबु आमाको नाम तथा निर्वाचनस्थललगायत त्रुटिसमेत सञ्चाउने कार्य भइरहेको बताउनुभयो ।

नयाँ नामावली दर्ताका लागि अनलाइन फारम भरेर जैविक विवरण बुझाउन भने कार्यालयमै आउनुपर्ने रिजालको भनाइ छ । अहिले जिल्लाको इलाका प्रशासन कार्यालय र स्थानीय तहबाट नामावली दर्ता तथा अध्यावधिकको काम नभएको जिल्ला निर्वाचन कार्यालय बागलुङले जनाएको छ । कात्तिक ३० गतेसम्म नयाँ मतदाता नामावली दर्ता र ठाउँ सरी गर्न सकिने व्यवस्था निर्वाचन आयोगले गरेको छ । पालिका र इलाकामा नामावली दर्ताको सम्भावना हाललाई नभएको आयोगको भनाइ छ । जनशक्ति, बजेट तथा निर्वाचन तालिकाअनुसार जिल्ला निर्वाचन कार्यालयबाट मात्रै नामावली सङ्कलनको व्यवस्था मिलाइएको छ । बागलुङमा पछिल्लो अध्यावधिक मतदाता नामावली अनुसार बागलुङमा एक लाख ७९ हजार १७३ मतदाता रहेका छन् । जसमध्ये महिला ९७ हजार ३४ जना र पुरुष ९२ हजार १३९ जना रहेका छन् ।

जिल्लामा १०६ मतदान स्थल रहेका छन् भने मतदाताको सङ्ख्याका आधारमा केन्द्र व्यवस्थापन गरिनेछ । कात्तिक ३० गतेसम्म जिल्लामा मतदाताको सङ्ख्या केही मात्रमा बढ्ने देखिएको छ ।

